# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल


**विषय:- विभिन्न सामुदायिक विद्यालयहरुको कक्षा तह घटाउने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०१।१९**

१. **विषयको संक्षिप्त व्यहोरा :-** नेपालको संविधान, २०७२ र सोही संविधान अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको शिक्षा सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयन गर्न बनेका शिक्षा सम्बन्धी ऐन तथा नियमावली बमोजिम विद्यार्थी सङ्ख्या न्यून रहेका, मापदण्ड अनुसारको न्यूनतम भौतिक पूर्वाधार नभएका, एक अर्का विद्यालयहरुबीचको पैदल दूरी ३० मिनेट वा सोभन्दा कम रहेका, शिक्षण सिकाई उपलब्धि कमजोर भएका विभिन्न सामुदायिक विद्यालयहरुको कक्षा तह घटाउन नगर कार्यपालिकामा सिफारिस गर्ने सम्बन्धमा मिति २०७६।१२।२८ गतेको नगर प्रमुख ज्यूको अध्यक्षतामा बसेको बैठकले निर्णय गरिसकेको छ । सोही निर्णयको आधारमा सम्बन्धित विद्यालय रहेका वडाका वडा अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसँग छलफल समेत भईसकेको छ ।आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी मौलिक अधिकारको कार्यान्वयन गर्न एवम् गुणस्तरिय, जीवन उपयोगी, व्यवहारिक र प्रविधिमैत्री शिक्षाको सुनिश्चितताको लागि विद्यालयहरुको वैज्ञानिक रेखाङ्कन गरी आवश्यकताको आधारमा मात्र सञ्चालन हुने व्यवस्था गर्नु र अनावश्यक एवम् प्रतिफल दिन नसक्ने विद्यालयहरु खारेज गर्नु उत्तम हुन्छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** नेपालको संविधान, २०७२ को अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ज. मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था छ, जसको ज.१ मा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा- सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था छ । ज.५ मा गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ती व्यवस्थापन, ज.११ मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान र ज.१२ मा विद्यालयहरुको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी व्यवस्था छ ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका शिक्षा ऐन, २०७४ को दफा २५ मा नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने सम्बन्धी व्यवस्था छ । जसमा, नगर कार्यपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई संचालन भईरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृति दिन सक्ने व्यवस्था छ ।

चौरजहारी नगरपालिका शिक्षा नियमावली, २०७४ को दफा १४ को उपदफा (१) अनुसार देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) अनुसूची– २ बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा ५० प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दुरी तीस मिनेटभन्दा कम रहेको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

उपनियम (२) मा उपनियम (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा शिक्षा शाखाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढि हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नुपर्ने व्यवस्था छ । उपनियम (३) मा यस नियमावलीमा उल्लेखित विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न नगर शिक्षा शाखाले शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्ने व्यवस्था छ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

ऐ नियमावलीको नियम १५ को उपनियम (१) मा नियम १६ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्ने व्यवस्था छ भने नियम १६ मा कुनै विद्यालयको सम्बन्धमा नियम १५ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा शाखाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्ने व्यवस्था छ ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-** नगर शिक्षा ऐन तथा नगर शिक्षा नियमावली अनुसार मिति २०७६।१२।२८ गतेको नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार कक्षा तह घटाउने सम्बन्धमा भएको निर्णय बमोजिम भौतिक संरचना पूरा नभएका, विद्यार्थी सङ्ख्या न्यून रहेका, शैक्षिक उपलब्धी नाजुक भएका, एक अर्का विद्यालयबीचको पैदल दूरी ३० मिनेट वा सोभन्दा कम भएका विद्यालयहरुको कक्षा तह घटाउनु पर्ने देखिएको छ । शिक्षा, युवा तथा खेलकूद शाखाबाट समेत सो सम्बन्धमा आवश्यक गृहकार्य भई राय पेश भईसकेको छ भने सम्बन्धित विद्यालयका जिम्मेवार पदाधिकारीहरुसँग समेत विषयमा आवश्यक छलफल गरिसकिएको छ । शैक्षिक शत्र २०७७ को पठनपाठन सुरु नहुँदै कक्षा तह घटाउने सम्बन्धी निर्णय भई कार्यान्वयन हुनु वाञ्छनिय हुन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :-** विभिन्न सामुदायिक विद्यालयहरुको कक्षा तह घटाउने सम्बन्धी निर्णय नगर कार्यपलिकाबाट स्वीकृत गर्न वाञ्छनिय भएकोले विभिन्न विद्यालयहरुको कक्षा तह घटाउने सम्बन्धी प्रस्ताव नगर कार्यपालिकाबाट स्वीकृत गर्ने सम्बन्धि तपसिलमा उल्लेखित प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

| क्र.स. | विद्यालयको नाम | हाल सञ्चालित कक्षा र तह | अब कायम हुने कक्षा र तह | सम्बन्धित तहमा कार्यरत शिक्षकहरुको व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनसेवा आधारभूत विद्यालय जुम्लीपोखरी, वडा नं. १२ | १-८ | १-५ | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |
| २. | समाजसेवा आधारभूत विद्यालय दोभानखोला, वडा नं. १२ | १-५ | बाल विकास केन्द्र | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |
| ३. | ज्ञानज्योति आधारभूत विद्यालय माथि सर्केना, वडा नं. ११ | १-८ | १-५ | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |
| ४. | कालिका आधारभूत विद्यालय मूलज्यूउला, वडा नं. १३ | १-५ | बाल विकास केन्द्र | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | विद्यालयको नाम | हाल सञ्चालित कक्षा र तह | अब कायम हुने कक्षा र तह | सम्बन्धित तहमा कार्यरत शिक्षकहरुको व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|---|
| ५. | जनचेतना आधारभूत विद्यालय अंगेरी, वडा नं. ८ | १-५ | बाल विकास केन्द्र | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |
| ६. | आधारभूत विद्यालय भुवाटाकुरा, वडा नं. ९ | १-८ | १-५ | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |
| ७. | बालकल्यान आधारभूत विद्यालय पेदीखोला, वडा नं. १० | १-५ | बाल विकास केन्द्र | मिल्दो विषय र तहमा शिक्षा, युवा तथा खेलकूद शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक समन्वय गरी स्वीकृत मापदण्ड अनुसार व्यवस्थापन गर्ने । | कार्य सम्पादनस्तर राम्रो भएका शिक्षकहरुको मात्र व्यवस्थापन हुने । |

२०७८/०१/२२

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत